# राक्सिराङ्ग गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ०४, संख्या ०८, मकवानपुर, असोज ३० गते, २०७७ साल

## भाग २

## राक्सिराङ्ग गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम राक्सिराङ्ग गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सोही दफाको उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

सम्बत् २०७७ सालको कार्यविधि नं. ५१

## राक्सिराङ्ग गाउँपालिका विद्यालय प्रत्यक्ष शिक्षण सिकाई क्रियाकलाप सञ्चालन कार्यबिधि, २०७७

**प्रस्तावना**

नेपालको संविधानको अनुसुची ८ मा माध्यमिक तह सम्मको शिक्षण सिकाईको संचालन तथा त्यसको नियन्त्रण स्थानीय तहको दायित्व भनी स्पष्ट उल्लेख भएको र नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले जारी गरेको विद्यार्थी सिकाई सहजीकरण निर्देशिका, २०७७ को दफा ३३ को उपदफा(२) मा कुनै क्षेत्र बिशेषमा नियमित विद्यालय संचालन हुन सक्ने अबस्था भएमा प्रत्यक्ष शिक्षण सिकाई क्रियाकलाप संचालन गर्न बाधा पर्ने छैन भनि स्पष्ट उल्लेख भए बमोजिम कोरोना भाईरसको संक्रमणलाई न्यूनिकरण गर्दै विद्यालयमा प्रत्यक्ष शिक्षण सिकाई क्रियाकलाप संचालन गर्नको लागि "राक्सिराङ्ग गाउँपालिकाले विद्यालय प्रत्यक्ष शिक्षण सिकाई क्रियाकलाप सञ्चालन कार्यबिधि, २०७७" जारी वाञ्छनीय भएकोले,

राक्सिराङ्ग गाउँ कार्यपा लकाको मति २०७७ साल असोज ३० गते बसेको बाउन्नौं बैठकले यो कार्य व ध स्वीकृत गरी जारी गरेको छ ।

### परिच्छेद-१

### प्रारम्भिकः

१.**संक्षिप्त नाम र प्रारम्भः**(१) यस कार्यबिधिको नाम "राक्सिराङ्ग गाउँपालिका विद्यालय प्रत्यक्ष शिक्षण सिकाई क्रियाकलाप सञ्चालन कार्यबिधि, २०७७" रहेको छ।

(२) यो कार्यबिधि थानीय राजपत्रमा प्रकाशनभएपछि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** बिषय या प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यबिधिमाः

(क) 'ऐन' भन्नाले स्थानीय सरकार संञ्चालन ऐन, २०७४ सम्झनु पर्दछ।

(ख) 'गाउँपालिका' भन्नाले राक्सिराङ्ग गाउँपालिका सम्झनु पर्दछ।

(ग) 'वडा' भन्नाले आवश्यकता अनुसारराक्सिराङ्ग गाउपालिको कुनै वा सबै वडा सम्झनु पर्दछ।

(घ) 'विद्यार्थी' भन्नाले राक्सिराङ्ग गाउँपालिका क्षेत्र भित्रका विद्यालयमा औपचारिक, अनौपचारिक रुपमा अध्ययनरत वा विद्यालय जाने उमेरका विद्यालय बाहिर रहेका बालबालिकालाई सम्झनुपर्दछ।

(ङ) 'विद्यालय' भन्नाले राक्सिराङ्ग गाउँपालिका क्षेत्र भित्रका प्रचलित कानून बमोजिम स्थापना भई संचालनमा आएका सामुदायिक र संस्थागत शैक्षिक संस्थाहरु सम्झनुपर्दछ र सो शब्दले परम्परागत विद्यालयलाई समेत जनाउँदछ।

(च) 'शिक्षक' भन्नाले राक्सिराङ्ग गाउँपालिका क्षेत्र भित्रका शैक्षिक संस्थाहरुका अध्यापक सम्झनुपर्दछ। सो शब्दले प्रधानाध्यापक समेत जनाउँदछ।

(छ) 'प्रत्यक्ष शिक्षण सिकाई क्रियाकलाप' भन्नाले निश्चित विद्यार्थी संख्या, सत्र तथा समायान्तरका आधारमा कार्यबिधिले तोकेको मापदण्ड अनुसार कक्षाकोठामा शिक्षण सिकाई क्रियाकलाप संचालन गर्ने सम्झनुपर्दछ।

## परिच्छेद-२

## उद्देश्यः

३. **उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेका छन्:

(क) शिक्षण सिकाई क्रियाकलापलाई नियमित तथा भयरहित ढंगले संचालन गर्नु।

(ख) राक्सिराङ्ग गाउँपालिका भित्र संचालित सामुदायिक तथा संस्थागत शैक्षिक संस्थाहरु नियमित तथा सुरक्षित रुपमा संचालन गर्नु।

(ग) कोरोना भाईरसको जोखिमलाई न्यूनिकरण गर्दै शैक्षिक संस्थाहरुको शैक्षिक सत्र खेर जान नदिनु।

(घ) विद्यार्थीहरुको पठनपाठन गर्न पाउने हकलाई सुनिश्चित गर्नु।

(ङ) निर्धारित समयमै पाठ्यक्रमले तोकेको पाठ्यबस्तु पुरा गरी मुल्यांकन गर्नु।

## परिच्छेद-३

## विद्यालयमा प्रत्यक्ष शिक्षण सिकाई क्रियाकलापका मापदण्ड

४. **विद्यालय प्रत्यक्ष शिक्षण सिकाई क्रियाकलाप संचालन गर्नु पूर्व अबलम्वन गर्नुपर्ने मापदण्डः**

(१) राक्सिराङ्ग गाउँपालिका भित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरुमा प्रत्यक्ष शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्नु पूर्व अनिवार्य रुपमा देहायबमोजिमको मापदण्डका आधारमा सञ्चालन गर्नुपर्नेछ।

(क) सबै विद्यालयहरुले विद्यालय ब्यबस्थापन समिति, अगुवा अभिभावकको राय र सरोकारवालाहरुसंग परामर्श गरी विद्यालय संचालनको प्रतिवद्धता तथा वडाको सफारिस सहितका अन्य आवश्यक कागजपत्र गाउँपालिकामा पेश गर्नुपर्नेछ।

(ख) विद्यालयले आफ्नो वद्यालय, कक्षाकोठा, वाचनालय, प्रयोगशाला, खानेपानी धारा ट्यांकी, शौचालय लगायत विद्यालय हाता भित्रको सरसफाई एवं निर्मलिकरण अनिवार्य रुपमा गर्नुपर्नेछ।

(ग) प्र अ, शिक्षक तथा कर्मचारीहरुको PCR Test गर्न स्थानीय सरकार सँग समन्वय गर्नुपर्नेछ ।

(घ) मकवानपुर जिल्ला बाहिर रहेका शिक्षक तथा विद्यार्थीहरुले विद्यालयको सम्पर्कमा आएको दिनदेखी दश दिन सम्म होम क्वारेन्टाईनमा बस्नुपर्नेछ वा हालसालै (२ दन भत्र) को पि.सि.आर. नेगेटिभ रिपोर्ट पेश गर्नुपर्नेछ।

(ङ) विद्यालयमा शिक्षक तथा विद्यार्थीहरुले अनिवार्य रुपमा मास्क लगाएर मात्र अध्ययन अध्यापनका लागि आउनुपर्नेछ भनी सम्वन्धित वद्यालयले सूचना जारी गर्नुपर्नेछ । यदि विद्यार्थीहरु कारणवश मास्क नलगाई विद्यालयमा आएमा विद्यालय स्वयंले मास्क उपलब्ध गराई कक्षाकोठामा प्रवेश गराउनुपर्नेछ । पहिलो चरणका लागि गाउँपालिकाले मास्क लगायत स्वास्थ्य सुरक्षाको आवश्यक व्यवस्था गर्नेछ ।

(च) विद्यालयहरुले अध्ययन अध्यापनका लागि आएका शिक्षक तथा विद्यार्थीहरुलाई थर्मल गनको प्रयोग गरी अनिवार्य रुपमा तापक्रम जाँच गर्नुपर्नेछ ।

(छ) विद्यालयहरुले अनिवार्य रुपमा स्यानिटाईजर र साबुन पानीले हात धुने ब्यबस्था मिलाउनु पर्नेछ।

(ज) विद्यालयहरुले आकस्मिक सेवा प्रदान गर्नको लागि विद्यालय हाता भित्र प्राथामिक उपचारको व्यबस्था मिलाउनु पर्नेछ।

(झ) विद्यालयहरुले संचालन गर्ने कक्षा, विद्यार्थी संख्या, शिक्षक, बिषय र समयतालिका विद्यालय संचालन पूर्व विद्यार्थी तथा अभिभाबकहरुलाई अनिवार्य रुपमा जानकारी गराउनुपर्नेछ । सो को जानकारी सम्बन्धित कार्यालयमा पनि दिनुपर्नेछ ।

(ञ) वद्यालयहरुले दिनदिनै शौचालय निर्म लकरण गर्ने व्यवस्था मलाउनु पर्नेछ ।

(२) वद्यालय सञ्चालन गर्नु पूर्व यस उपदफा (१) तथा यस कार्य व धमा भएको मापदण्ड अनुसारको पूर्व तयारी पुरा भएपछि मात्र गाउँपा लकाले वडा कार्यालयको सफारिसमा अनुमति दिनेछ ।

५. **<u>विद्यालय प्रत्यक्ष शिक्षण सिकाई क्रियाकलाप संचालन गर्दा अवलम्वन गर्नुपर्ने मापदण्डहरुः</u>**

(१) विद्यालय प्रत्यक्ष शिक्षण सिकाई क्रियाकलाप संचालन गर्दा देहायका मापदण्डहरु अवलम्वन गर्नुपर्नेः

(क) विद्यालयहरुले विद्यालय हाता भित्र प्रवेश गर्नु पूर्व अनिवार्य रुपमा थर्मल गन प्रयोग गरी विद्यार्थी, शिक्षक, कर्मचारीहरु, अभिभावक तथा विद्यालय प्रवेश गर्ने जो सुकै व्यक्तीहरुलाई तापक्रम जाँच गरी मात्र प्रवेश गराउनुपर्नेछ।

(ख) विद्यालय प्रवेश गर्ने सबै विद्यार्थी, शिक्षक, कर्मचारीहरु, अभिभावक तथा विद्यालय प्रवेश गर्ने जो सुकै व्यक्तिहरुले अनिवार्य रुपमा मास्कको प्रयोग गर्नुपर्नेछ।

(ग) विद्यालयले कक्षामा प्रत्यक्ष पठनपाठन गर्दा **दफा ४ को उपदफा(१)वमोजिमको** मापदण्डमा रही कक्षाकोठामा राख्ने विद्यार्थी संख्या, पढाउने समयतालिका निर्धारण गर्नुपर्नेछ।

(घ) विद्यालयहरुले विभिन्न सत्रमा कक्षा संचालन गर्दा कम्तिमा आधाघण्टाको अन्तराल कायम गर्नुपर्नेछ।

(ङ) विद्यालयहरुले विद्यार्थीहरु विद्यालय हाता भित्र प्रवेश गर्दा र पठनपाठनको कार्य सकिएपछि विद्यालयबाट बाहिरिंदा अनिवार्य रुपमा भौतिक दुरी कायम गराउनुपर्नेछ।

(च) प्रत्येक विद्यालयले कम्तिमा एक-एक हप्तामा विद्यालय परिसर निर्मलिकरण गराउनुपर्नेछ।

(छ) कक्षा संचालन हुँदा एक बेन्चमा बढीमा दुई विद्यार्थी मात्र राख्नु पर्नेछ ।

(ज) आवश्यकता र परिस्थिति अनुसार माथिल्लो तहको निकायले दिएको निर्देशनको अनिवार्य रुपमा पालना गर्नुपर्नेछ।

(झ) विद्यालयले पाठ्यक्रमलाई मध्यनजर गर्दै विदाको दिन पनि पठनपाठन संचालन गर्न सक्नेछ।

(ञ) अ भभावकले वद्यालयबाट वद्यार्थी फ र्कसकेपछी सोको हरेक कृयाकलापको अनिवार्य रुपमा निगरानी गर्नुपर्नेछ ।

**६. विद्यालय संचालन गर्दा देहाय बमोजिमका कार्यहरु गर्न गराउन पाइने छैनः**

(क) वद्यालय हाता भत्र प्रार्थना, सभा लगायत भडभाड हुने खालका कार्यक्रम, खेलकुदका कार्यक्रमहरु तथा एकै ठाउँमा जम्मा भई गरिने कुनै पनि गतिबि धहरु गराउन पाइने छैन।

(ख) वद्यार्थीहरुलाई खाजा घरबाट ल्याउनको ला ग सूचना जारी गर्नुपर्नेछ र कोरोना भाईरसको संक्रमण फै लने जो खम भएकोले वद्यालयमा रहेका चमेना गृह संचालन गर्न पाइने छैन।

(ग) वद्यार्थीहरु एकै ठाउँमा जम्मा भई भडभाडको स्थिति सर्जना हुने भएकोले वद्यालयहरुले मध्यान्तर गराउन पाइने छैन।

(घ) वद्यार्थीहरुले शौचालयको प्रयोग गर्दा भडभाड नगराई पालै पालो प्रयोग गर्ने उ चत व्यबस्था वद्यालयले मलाउनु पर्नेछ।

(ङ) हालको परिस्थितिको गाम्भीर्यतालाई ध्यानमा रा ख वद्यालयहरुले राक्सिराङ्ग गाउँपा लका बाहेक अन्य क्षेत्रमा स्कुल बसको प्रयोग गर्न पाउने छैनन् र बसको प्रयोग गर्दा दुई सट एक वद्यार्थी नीति अवलम्वन गर्नु पर्नेछ ।

(च) गाउँपा लकाको पूर्व स्वीकृति न लई वद्यालयहरुले परिस्थिति सहज नभईन्जेल को चङ, ट्युसन तथा अतिरिक्त कक्षाहरु संचालन गर्न पाउने छैनन्।

## परिच्छेद-४

## अनुगमन सम्वन्धी व्यवस्था

७. वद्यालय अनुगमन गर्नेः (१) यस कार्यविधिको परिच्छेद-४ मा उल्लेख गरिएका मापदण्डहरु कार्यन्वयन भए नभएको नियमित रुपमा अनुगमन गर ी मापदण्ड उल्लंघन गरेको देखिएमा तत्काले आवश्यक कारबाही गर्न गाउँपा लका अध्यक्षको अध्यक्षतामा एक अनुगमन समिति रहनेछः

(२) उपदफा (१) बमोजिमको अनुगमन समितिमा देहायका सदस्यहरु रहनेछन्ः

| | |
|---|---|
| १. गाउँपा लका अध्यक्ष | अध्यक्ष |
| २. सामुदायिक वद्यालयको प्रधानाध्यापक प्रतिनि ध-१ | सदस्य |
| ३. संस्थागत वद्यालयको प्रधानाध्यापक प्रतिनि ध-१ | सदस्य |
| ४. स्वास्थ्य शाखाको संयोजक | सदस्य |
| ५. सम्बन्धित वडाको वडा अध्यक्ष | सदस्य |
| ६. वपद् व्यबस्थापन स मतिका सदस्य- २ जना | सदस्य |
| ७. अध्यक्षले मनोनित गरेको- १ जना शक्षा प्रेमी | सदस्य |
| ८. शक्षा शाखा प्रमुख | सदस्य स चव |

## परिच्छेद-६

## विविध

८. <u>वद्यालय वन्द गर्न सक्नेः</u> (१) गाउँपा लका भत्र संचालनमा रहेका कुनै पनि वद्यालयमा कार्यरत शक्षक, कर्मचारी, वद्यार्थीहरु तथा तिनका परिवारको अन्य कुनै सदस्यहरुमा कोरोना भाईरसको संक्रमण पुष्टी भई वद्यालय संचालन गर्न सक्ने स्थिति नदे खएमा गाउँपा लकाले संक्रमणको प्रकृति हेरी त्यस्ता कुनै वद्यालय वा सम्पूर्ण वद्यालयहरुको पठनपाठन तुरुन्त बन्द गर्न सक्नेछ ।

(२) गाउँपा लकाले उपदफा (१) बमोजिम प्रत्यक्ष पठनपाठन बन्द भएका वद्यालयहरुमा वद्यार्थी सकाई सहजिकरण निर्दे शका, २०७७ वमोजिम बैकल्पिक शक्षण प्रणालीबाट संचालन गर्न सक्नेछ ।

९. <u>प्र चलत कानुन लागु हुनेः</u> यस कार्यविधिमा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भएता पनि प्रचलित ऐन कानून स्पष्ट उल्लेख भएको व्यबस्था र प्राबधानहरुको हकमा सोही बमोजिम हुनेछ।

१०. **<u>कार्यविधि संशोधनः</u>** राक्सिराङ्ग गाउँ कार्यपालिकाले कार्यविधिको कुनै पनि दफा तथा उपदफामा आवश्यक संशोधन वा हेरफेर गर्न सक्नेछ।

**आज्ञाले,**
**युवराज आचार्य**
**प्रमुख प्रशासकिय अधिकृत**

**राक्सिराङ्ग गाउँपालिका, चैनपुर, मकवानपुर/ मुद्रण रु ५ मात्र**